# नगरसभा अध्यक्ष श्री जोगराज चौधरीबाट पन्ध्रौं नगर सभामा प्रस्तुत आ.ब २०८१/८२
# को
# बार्षिक नीति तथा कार्यक्रम

लमही नगरपालिका,दाङ

असार १०, २०८१

**आदरणीय नगरसभाका सदस्य ज्यूहरु**

**सभामा उपस्थित सम्पूर्ण महानुभवहरु**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, लुम्बिनी प्रदेश, दाङ जिल्ला लमही नगरपालिका नगर प्रमुखको हैसियतले नगरपालिकाको पन्ध्रौं नगर सभालाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु । यस अवसरमा नेपालको सार्वभौमसत्ता, गणतन्त्रलाई मुर्तरुप दिन र लमही नगरबासीको सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा नगरको समृद्धिको लागि विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनआन्दोलन र बलिदानपूर्ण संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

लमही नगरपालिका स्थापना काल देखी हाल सम्म नगर निर्माण अभियानमा प्रत्यक्ष वा परोक्ष रूपले योगदान गर्नुहुने स्थानीय बुद्धिजीबी, समाजसेवी, विकासप्रेमी, ब्यवसायी, पत्राकार/संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, नीजि तथा गैरसरकारी संस्था, यस नगरपालिकाको प्रथम जननिर्वाचित जनप्रतिनिधीज्यूहरू र आम लमही नगरबासीमा हार्दिक आभार प्रकट गर्दछु ।

**यस सम्मानित सभामा उपस्थित**
**नगरसभाका सदस्य ज्यूहरु**
**आदरणीय महानुभावहरु,**

लमही नगरपालिकाको आगामी आ.व. २०८१/०८२ का लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको सोह्रौं आवधिक योजना, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु र यस नगरपालिकाको आवश्यकता तथा रणनैतिक योजना समेतलाई आधार मानि कतिपय कानूनी जटिलता, अस्पष्टता र साधन स्रोतको सिमितताका बावजुद पनि नगरबासीहरुको आशा र अपेक्षाहरुलाई समेट्दै यहाँहरुको चाहाना अनुसार तय गरिएका नीति तथा कार्यक्रमहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

## क. <u>सामाजिक विकास क्षेत्रः</u>

### शिक्षा, युवा तथा खेलकुद सम्बन्धि नीति

१. **"नगर समृद्धिको आधार, गुणस्तरीय तथा प्राविधिक शिक्षाको विस्तार"** भन्ने मूल नारालाई आधार बनाई सभ्य सुसँस्कृत प्रतिस्पर्धी र आत्मविश्वासी नागरिक बनाउन प्रभावकारी शिक्षण र गुणस्तरीय सिकाइमा विशेष जोड दिइनेछ । साथै राष्ट्रसेवक कर्मचारी, शिक्षक र जनप्रतिनिधिहरुले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गराई सामुदायिक विद्यालयहरुले प्रदान गरेको सेवाको कदर गर्दै शैक्षिक गुणस्तरलाई उकास्ने नीति लिइनेछ ।

२. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको लागि सबै विद्यालयहरुलाई निश्चित लक्ष्य प्राप्तिको लागि पालिका र प्रधानाध्यापक एवं, प्रधानाध्यापक र विषयगत शिक्षक तथा कक्षागत शिक्षकसँग करार सम्झौता गरी शिक्षकले आफ्नो लक्ष्य प्राप्तिको लागि शिक्षण सिकाइ कार्य गर्नुपर्ने साथै करार सम्झौता बमोजिम उत्कृष्टता हासिल गर्ने विद्यालय, प्रधानाध्यापक, विषयगत शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र विद्यार्थीलाई पुरस्कार रकम सहित सम्मान गरिने छ। साथै करार सम्झौता बमोजिम उपलब्धि प्राप्त गर्न असमर्थ हुने विद्यालय, प्रधानाध्यापक तथा शिक्षकहरुलाई कानुनी व्यवस्था अनुसार मापदण्डको दायरामा ल्याइने छ ।

३. **"हाम्रो विद्यालय राम्रो विद्यालय"** अभियानमा सरोकारवालाहरु तथा समुदायसँग हातेमालो गरी अघि बढ्ने नीति लिइनेछ ।सामुदायिक विद्यालयहरुमा कक्षा १० सम्मको शिक्षालाई निःशुल्क रुपमा कार्यान्वयनमा ल्याउन आवश्यक कार्यविधि स्वीकृत गरी विद्यालयहरुलाई शिक्षण सिकाइ अनुदान मार्फत विद्यालयहरुमा कार्यरत निजी स्रोत शिक्षक व्यवस्थापन सहज पहल गरिने।

४. अभिभावकहरुको भावना र विद्यार्थीहरुको चाहना अनुरुप अंग्रेजी माध्यमबाट शिक्षण गर्न चाहने विद्यालयहरुलाई शिशु कक्षादेखि आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५. विद्यालय तहमा अध्ययनरत विपन्न बालबालिकाहरुको लागि शैक्षिक सामग्री सहयोगका साथै गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि उच्च शिक्षा तर्फ एम.वि.वि एस

लगायत प्राविधिक विषय अध्ययन गर्नको लागि अध्ययन पुरा गरे पछि अनिर्वाय रुपमा यस नगरपालिकामा निश्चित अवधिको लागि निःशुल्क सेवा गर्ने गरी कबुलियत गराई छात्रवृत्ति प्रदान गरिनेछ। साथै जीवनपर्यन्त सिकाइलाई निरन्तरता दिन सामुदायिक सिकाइ केन्द्रहरु मार्फत स्थानीय हस्तकला सिपको विकासका कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

६. कक्षाकोठाहरुलाई दैनिक केहि न केहि सिक्ने थलोको रुपमा विकास गर्न आवश्यकतानुसार शिक्षण सिप विकास तालिमको साथै प्रविधिमैत्री कक्षाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७. बालबालिकाहरुमा आधारभूत सीप विकास गरी आत्मनिर्भर बनाउनका लागि नेपाल सरकारले तोकेको पाठ्यभारमा असर नपर्ने गरी प्रत्येक "शुक्रबारलाई किताब रहित (Book Free Friday)" व्यवहार कुशल सीप सिकाई वातावरण सृजना गर्ने नीति अबलम्बन गरिने छ ।

८. युवा तथा विद्यार्थीहरुमा नव-प्रतिभाको उजागर गर्दै सामुहिक भावनाको सम्मान, शारीरिक रुपमा स्वस्थ, अनुशासित र नैतिकवान बनाउन **मेयरकप सहित** राष्ट्रपति रनिङशिल्ड खेलकुदलाई निरन्तरता प्रदान गरिने छ । खेलकुद विकास समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा गरी खेलकुद क्षेत्रको विकास तथा व्यवस्थापन थप प्रभावकारी वनाउने छ।

९. शैक्षिक गुणस्तर कायम गर्ने पठनपाठनका लागि निजि सामुदायिक विद्यालयका शिक्षकलाई कम्तिमा एक हप्तालाई अंग्रेजी र विज्ञान शिक्षणका लागि अन्तर अध्यापन विधि आपनाउने छ |

१०. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनर्स्थापनाको प्रबन्ध गर्ने नीति लिइनेछ।

## स्वास्थ्य सम्बन्धि नीति

**११.** सिकलसेल एनिमिया/थालासेमियाको पहिचान एवं औषधि ब्यवस्थापनको कार्यलाई प्राथमिकताका दिदै लमही नगरपालिकाबाट बिरामीले प्राप्त गर्दै आएका सेवा सुविधा निरन्तरता दिईनेछ ।

**१२.** **"मेयर संग ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम" र "उपमेयरसँग आमा कार्यक्रमलाई"** निरन्तरता प्रदान गरिनेछ । लमही अस्पताल, सतवरिया स्वास्थ्य चौकी र सोनपुर स्वास्थ्य चौकीबाट सुरक्षित गर्भपतन सेवा उपलब्ध हुने ब्यवस्था गरिनेछ ।

**१३.** स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।नीजि स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको गुणस्तर तथा बिरामीहरुबाट लिईने शुल्कलाई नियमन गरिनेछ ।

**१४.** लमही अस्पतालबाट प्रदान गरिने स्वास्थ्य विमा कार्यक्रमको सेवालाई थप विस्तार गर्न वडा कार्यालय, स्वास्थ्य संस्थाहरु, टोलविकास संस्था लगायतका सरोकारवाला निकायसंगको समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

**१५.** लमही अस्पतालबाट प्रवाह हुने सामान्य अप्रेशन लगायतका आकस्मिक सेवाहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न कम्तिमा १० बेडको सुविधा सम्पन्न ईमर्जेन्सी भवन निर्माण गर्न आवश्यक पहल गरिनेछ र चौबिसै घण्टा सेवामा खटिने बिशेषज्ञ डाक्टर र मेडिकल अफिसरहरुलाई बिशेष प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।

**१६.** लमही अस्पताललाई सुविधा सम्पन्न जिल्ला अस्पतालको स्तरोन्ति गर्न सर्पदंश केन्द्र, रक्तसञ्चार केन्द्र र आधुनिक प्रयोगशाला स्तरउन्नति गर्न संघ, प्रदेश सरकार संग थप छलफल गरी अघि बढिनेछ ।

**१७.** स्वास्थ्य स्वयंसेविकाहरुले उच्च मनोबलका साथ सेवा गर्नुहुनेछ भन्ने हेतुले ६० बर्ष पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकालाई स-सम्मान बिदाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ। दुर-दराज क्षेत्रमा रहेका जनतालाई बिशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न घुम्ति स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

**१८.** आयुर्वेद, योग तथा अन्य वैकल्पिक चिकित्साका माध्यमबाट शारीरिक तथा मानसिकरुपमा स्वस्थ शरीर, सकारात्मक सोंच र ब्यक्तित्व बिकास गर्ने स्वास्थवृत्त,

सदवृत आचार रसायन सम्बन्धि सचेतना तथा स्थानीयस्तरमा प्राप्त हुने जडिबुटिको उपयोगिता, मातृशिशु स्वास्थ्य/स्तनपानको महत्व, योग शिक्षा आदिका बारेमा समुदायस्तर सम्म सचेतनामूलक कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिः**

**१९.** लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति-गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि आर्थिक उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

**२०.** असहाय, यौन दुर्व्यवहार र घरेलु हिंसामा परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र दलित समुदायका व्यक्तिलाई अल्पकालिन सेवा केन्द्र माफर्त मनोसामाजिक परामर्श र आय आर्जनका लागि सिपमुलक तालिम प्रदान गर्दै पारिवारिक पुर्नमिलन सम्वन्धी व्यवस्था गरिनेछ ।

२१. लैङ्गिक समानता, सामाजिक समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, महिला, अपांगता भएका व्यक्ति ,ज्येष्ठ नागरिकहरुको लागि सहयोग र सशक्तिकरण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

२२. बाल विवाह, बालश्रम, मानव दुर्व्यवहार, लागु पदार्थ दुर्व्यसनी, लैंगिक तथा घरेलु हिंसा, सामाजिक विभेद, यौनिक अल्पसंख्यक समुदायमा हुने विभेद न्युनिकरण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ, साथै बालअधिकारको सुनिश्चतता गर्दै बालविवाह मुक्त र बालमैत्री नगर स्थापना लागि रणनीतिक योजना बनाई कार्यान्वयन गरिने छ ।

२३. अपांगता भएका व्यक्तिको तथ्यांक संकलन, सहायक साम्रगीको आवश्यकता अपांगता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण गरिनेछ साथै Ramp, Top tile, Digital Board अपाङ्ग मैत्री भौतीक संरचना निर्माणमा विशेष जोड दिईनेछ ।दिवा सेवा केन्द्र संचालनका लागि भौतिक संरचना गरिनेछ, जेष्ठ नागरिकहरुलाई कानुन प्रदत्त सेवाको सहज पहुच पुर्‍याँउन सरोकारवालाहरुसंग सहकार्य र समन्वय वढाईनेछ साथै जेष्ठ

नागरीकहरुको मनोबल उच्च राख्ने दिवा खाजा व्यबस्थापन, मनोरञ्जन, रचनात्मक कार्यसंग जोड्ने कार्य गरिने छ ।

२४. ज्येष्ठ नागरिक संजाल, महिला सञ्जाल, वाल सञ्जाल, किशोर-किशोरी सञ्जाल, आमा समुहहरुको सवलिकरण गरनेछ।

## खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः

**२५.** अत्यधिक चुनौतीको रूपमा देखीएको छाडा चौपायाको व्यवस्थापन विशेष प्राथमिकतामा राखिने छ। छाडा चौपायाको अनुगमन र व्यवस्थापनको भरपर्दो प्रणाली स्थापना गरि धर्म, संस्कृति र परम्पराको जगेर्ना गर्दै आर्थिक उपार्जनको स्रोतका रूपमा उपयोग गरिने छ । **रिहार स्थित गौशाला**लाई लमही नगरको गौरवको योजनाको रूपमा विकास गर्ने नीति अवलम्बन गरिने छ।

**२६.** खानेपानी, सरसफाइ र स्वच्छताको पूर्वाधार र आवश्यक क्षमता विकासमा जोड दिइ सामुदायिक सहभागीतामा आधारित खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रमहरू संचालन गरिने छ । खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी तथ्यांक व्यवस्थापन गरिनुका साथै आधारभूत खानेपानी तथा स्वच्छता सुविधा सुनिश्चित गरिने छ।

**२७.** खुल्ला दिसामुक्त अभियान एवं पूर्ण सरसफाइ अभियानलाई सार्थक निष्कर्षमा पुराउन सरसफाइको अभ्यासलाई चर्पी निर्माणमा मात्र सिमित नराखी मानव उत्सर्जित मल/मुत्रको वैज्ञानिक तवरले प्रशोधन गर्ने नीतिलाई पूर्णता दिन Sludge Solid Waste Management व्यबस्थापनलाई उच्च प्राथमिकता दिइने छ ।

## स्थानीय कला, संस्कृति, परम्परा प्रबर्धन सम्बन्धी नीति

**२८.** स्थानीय कला, भेष-भुषा, चाडपर्व, मठमन्दिर, मरवा, धनवा, आदिको संरक्षण गर्ने उद्देश्यले स्थानीय गाउँको अगुवा/कत्केन्दार/वरघर, कलाकार, विभिन्न क्लबहरु तथा संघसस्थाहरु मार्फत सामाजिक, सांस्कृतिक, प्राकृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरिनेछ।

२९. नगरपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ। लोपोन्मुख मौलिक बाजा तथा लोक नृत्यहरुको संरक्षणमा प्राथमिकता दिइनेछ।

## ख. आर्थिक विकास तर्फ

### कृषि तथा पशुपन्छी विकास सम्बन्धि नीतिः

३०. भु-उपयोग योजना तर्जुमा गरि लागु गरिनेछ। नीजि, सार्वजनिक र सरकारी कृषि योग्य भुमिलाई बाँझो नराखी उयोगमा आउन बाँकी रहेको जमिनलाई पहिचान गरी भुमिहिनलाई उपयोगको लागि पहिलो प्राथमिकतामा राखी उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

३१. स्थानीयस्तरमा उत्पादन हुने लोपोन्मुख अन्दी धान र उक्त धानबाट बन्ने थारु समुदायको परम्परागत रुपमा प्रचलित खानाका परिकारहरुलाई बजारीकरण गरी आय-आर्जनसंग जोड्दै कृषकहरुलाई अन्दी धान उत्पादनको लागि प्रोत्साहन गरी।

३२. स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने गरि कृषकलाई प्रोत्साहन गरिनेछ, साथै बाहिरबाट आयात हुने कृषि उपजको बिक्री वितरणमा निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

३३. **कृषि उपज संकलन तथा चिस्यान केन्द्र, थोक-खुद्रा बिक्री वितरण केन्द्र तथा हाट बजार, माटो परीक्षण मिनी ल्याब स्थापना** र संचालन गरि कृषकको उत्पादनको बजारीकरण र मूल्य निर्धारणमा एकरुपता ल्याईनेछ । हाल सम्म किसानले आफै बोकी बजारी काम गर्ने प्रणालीमा थप आधुनिकता ल्याउन सहकारी मार्फत कृषि **Ambulance** सवारी साधनलाई प्रयोगमा ल्याउने नीति ल्याइने छ |

३४. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा औद्योगीक ग्रामको पूर्वाधार निर्माण तथा संचालन गर्ने ब्यवस्था मिलाइनेछ । सबै प्रकारका उद्योगहरू स्थापना र संचालन गर्न निजी क्षेत्रको लागि लागानीमैत्री वातावरण सिर्जना गरिनेछ ।

३५. निजी क्षेत्र अर्थतन्त्रको विकासका मुख्य साझेदार रहेको यथार्थतालाई मनन गर्दै स्थानीय सरकार र निजी क्षेत्रको बलियो साझेदारीबाट उत्पादन तथा उत्पादकत्व अभिबृद्धि र रोजगारी सिर्जना मार्फत आर्थिक सवलिकरणमा जोड दिइनेछ ।

३६. कृषि खेतिलाई आधुनिक प्रविधिमा जोड्न आधुनिक कृषि मेशिनरी तथा प्लाष्टिक घर निर्माण प्रविधि प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।कृषि कार्यलाई प्रोत्साहन दिन प्रति वडा **"एक नमुना कृषि फर्म"** र **"एक वडा एक विशेष उत्पादन",** नीति मार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरीनेछ।

३७. कृषिकहरुलाई कृषि खेती सम्बन्धि समस्यालाई समधान गर्न तथा पशु उपचार सेवालाई प्रभावकारी बनाउन लमही नगरपालिका वडा न १,२ र ३ वडामा सेवा विस्तार गरी **सुनडबरीमा थप १ पशु तथा कृषि सेवा** केन्द्र सञ्चालन गरिनेछ ।

३८. बेमौसमी खेती, बगर खेती गर्ने कृषक, कृषि फर्म र कृषि समुहहरुलाई विशेष अनुदान दिने व्यवस्था गरिनेछ । जग्गा भाडामा लिन नसक्ने भूमिहिन किसानहरुलाई **"करार खेतीमा अनुदान"** दिने व्यवस्था मिलाईनेछ साथै उन्नत जातका अन्नबाली तथा तरकारीको बीउ विजन बितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३९. लमही नगरपालिकालाई अन्डा, मासु र दुधमा क्रमश आत्मनिर्भर बनाई **"अन्डा, माछा-मासु र दुध विशेष मिसन "** कार्यक्रम सञ्चालनमा ल्याईनेछ । गाई भैसी र बाख्राको कृतिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत नश्लका पशुहरुको संख्यामा बृद्धि गरिनेछ ।

४०. पशुपंन्छीको नश्ल सुधार, पौष्टिक दाना आहारको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्षलाई समानान्तर रुपमा अगाडी बढाई एकीकृत रुपमा सेवा प्रदान गर्ने नीति अबलम्बन गरिनेछ ।

४१. गुणस्तरीय पशु आहाराको उपलब्धता बढाउन डालेघाँस, भुईंघाँस उत्पादन बीउ बृद्धि, औषधी र घाँस समिश्रण मिनरल आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप पदार्थहरुको सदुपयोगलाई प्रोत्साहन गर्न **"एक वडा एक पशुपालन स्रोत केन्द्र"** स्थापनाको लागि पहल गरिनेछ ।

४२. पशुपंछी पालन गरिरहेका किसानहरुलाई कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरि पशुपालनमा आत्मनिर्भर बनाउने हेतुले "**विपन्न किसान संग पशुपंछी कार्यक्रम**" संचालनको लागि पहल गरिनेछ।

**उद्यमशिलता विकास, पर्यटन, रोजगार तथा सहकारी सम्बन्धी नीति :**

४३. गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेड्पा) कार्यक्रम मार्फत नयाँ लघु उद्यमी सृजना तथा पुराना लघु उद्यमीलाई प्राविधी सहितको एडभान्स सिप विकास तालिम प्रदान गरी लमही नगरपालिका भित्रका युवायुवतीहरुलाई स्वरोजगारको अवसर श्रृजना गरि गरिवी न्युनिकरण गर्ने नीति अबलम्बन गरिनेछ लक्षित कार्यक्रमलाई मेड्पा (MEDPA) मोडल संग जोडि सञ्चालन गरिनेछ ।

४४. **"मेक इन लमही" र "मेड इन लमही"** अभियानलाई प्रवर्द्धन गर्न नीजि, सहकारी, गैरसरकारी क्षेत्र तथा अन्य सरोकारवाल निकायसँग समन्वय र सहकार्यमा आन्तरिक रोजगारी सिर्जनामा जोड दिइनेछ। स्थानीय बस्तुको प्रयोग गरी बेतवासको सामग्री, आचार, ढकीया, दुनाटपरी बनाउने तालिम थप प्राथमिकता दिईनेछ।

४५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

४६. इन्टरनेट बजार(Virtual Market)को आवधारणाहरु लागु गर्दै निर्यातमुखी साना तथा मझौला उद्योग व्यवसायहरुको अन्तराष्ट्रिय बजारमा पहुँच सुनिश्चितता गरिनेछ ।

४७. रोजगार सेवाकेन्द्रबाट श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृती सम्बन्धी भएको कार्यलाई थप प्रभावकारी र छरितो बनाईनेछ। नगरपालिका भित्रका सबै मजदुरलाई सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि पहल गरिनेछ।

४८. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धिमुलक बनाउन संघीय सरकार, प्रदेश सरकार, बैदेशिक रोजगार बोर्ड तथा बैदेशिक रोजगारसंग सरोकार राख्ने निकायहरुसँगको समन्वय र लागत सहभागीता तथा साझेदारीमा  आप्रवासी कामदार र उनीहरुको परिवारलाई लक्षित गरी सरक्षित बैदेशिक रोजगार सम्बन्धी सुचना प्रवाह,

मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिबृद्धि गर्ने तथा आप्रवासी कामदारहरुले बैदेशिक रोजगारको दैरानमा सिकेका व्यवसायिक ज्ञान प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।

४९. ईलाका प्रशासन कार्यालयमा स्थापना गरिएको आप्रवासी श्रोत केन्द्र (सहायता कक्ष)लाई अन्तरपालिका स्तरीय सेवा केन्द्रको रुपमा विकास गरि निरन्तरता दिईनेछ । उद्यमशिलता, स्वरोजगार, आन्तरिक रोजगार तथा बैदेशिक रोजगारसंग सम्बन्धित विषयलाई व्यवस्थित गर्न संगठन संरचनामा **श्रम, रोजगार तथा उद्यम विकास शाखा** विस्तार गरी आवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिनेछ।

५०. संघीय सरकार, प्रदेश सरकार र देउखुरी उद्योग वाणिज्य संघ लगायतका सरोकारवाला संगको समन्वय र सहकार्यमा लमही नगरपालिका वडा नं. ३ स्थित बालजनता मा.बि वनगाउँको जग्गामा व्यवस्थित अटोभिलेज निर्माण गरी सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

**५१.** पर्यटनलाई अर्थतन्त्रको गतिशील आयामको रूपमा सबै प्रकारका आर्थिक गतिविधिसँग आबद्ध गरिने छ। यस क्षेत्रका पर्यटकिय स्थल, धार्मिक तथा सांस्कृतिक स्थल र बस्तुहरूको विविधिकरण गर्दै कृषि पर्यटन, जल पर्यटन, पर्या-पर्यटन र खेल पर्यटनको रूपमा विकास गरि पर्यटन क्षेत्रमा रोजगारी बृद्धि गरिने छ । स्थानीय उत्पादनको प्रबर्धन र बजारीकरण मार्फत आर्थिक आत्मनिर्भर हुन निर्यातमुखी नीति अवलम्बन गरिनेछ साथै **रिहार स्थित गौशाला** व्यबस्थापनलाई धार्मिक पक्षसंग जोड्दै स्थानीय पर्यटन (धार्मिक) क्षेत्रमा रुपान्तरण गरिने छ ।

**५२.** नगरका विभिन्न स्थानहरूमा स्तरिकृत जैविक विविधता पार्क निर्माण गरि पर्यावरण संरक्षण गर्दै ब्यवस्थित पर्यटकिय पार्कको रूपमा विकास गरिने छ । सामुदायिक वन, सार्वजनिक सम्पत्ति र सिमसार क्षेत्रको विशेष संरक्षण गरिनेछ ।

**५३.** सांस्कृतिक, प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गरी सांस्कृतिक पर्यटन प्रबर्द्धन गरिने छ ।सांस्कृतिक क्षेत्रहरूको संरक्षण, विकास र प्रबर्द्धन गरिने छ । ग्रामिण पर्यटन तथा घरबास(होमस्टे) कार्यक्रमलाई प्रबर्द्धन हुने कार्यक्रमहरू संचालन गरिनेछ ।

**५४.** स्थानीय उत्पादन वृद्धि  रोजगारी सिर्जना र गरिवी न्यूनीकरण गर्न सहकारी क्षेत्रको प्रवर्धन गरी स्थानीय उत्पादनलाई बजारीकरण गर्न सहकारी वजारको निर्माण तथा प्रदर्शनीका कार्यक्रम ल्याइनेछ। सहकारी संस्थाको अनुगमन र नियमन प्रणालीलाई प्रभावकारी बनाउन अन्तर सहकारी आनुगमन प्रणाली गरिने छ ।

**५५.** नगरपालिका र सहकारी संस्थाबीचको लागत साझेदारीमा सहकारी संस्थाहरुको संस्थागत विकासको लागि सहकारी संचालक र कर्मचारीहरुको क्षमता विकास तालिम ल्याइनेछ। सहकारी संस्थाको शुद्धिकरण र सवलिकरण गर्न एकीकरण प्रोत्साहन कार्यक्रमलाई प्राथमिकता साथ अगाडि बढाईनेछ।

## <u>ग. पूर्वाधार विकास तर्फः</u>

**५६.** **"नगरको प्रतिष्ठा र समृद्धीको  आधारः दार्शनिक र स्मरणीय पूर्वाधार"** भन्ने मुल नाराका साथ गत आ.ब देखि सञ्चालन गरिएको यस अभियानलाई आगामी आ.बमा समेत यसै मर्मको परिधीभित्र रही पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरिने छन्।

५७. एकिकृत सहरी विकासको लागि लमही-कोइलाबास सडक अन्तरगत लमही बजार भित्रको सडकलाई संघ, प्रदेश सरकारसंग समन्वय गरी विस्तार गर्न उच्च प्राथमिकता दिईनेछ।

**५८.** नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं लमही नगरपालिकाको जग्गा विकास तथा प्लटिङ सम्बन्धी मापदण्ड, २०७५ तथा प्रचलित कानुनहरु कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**५९.** नगर क्षेत्रमा स्तरीकृत नमुना बाटो Model Road को रुपमा न्यूनतम मापदण्ड पुरा गरेका स्तरीकृत ग्राभेल सडकलाई कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**६०.** एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। नगरपालिकाको गहनाको रुपमा रहेको बाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवनलाई मर्मत तथा पुनर्निर्माण गरीनेछ। नगरपालिका क्षेत्रमा निर्माण गरिने सार्वजनिक तथा सरकारी

भौतिक संरचनाहरु बालमैत्री, अपाङ्ग मैत्री, जेष्ठनागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुको सहज पहुँचयुक्त हुने गरी नयाँ निर्माणमा कडाईका साथ लागु गरिनेछ।

**६१.** संघ, प्रदेश र घोराही उपमहानगरपालिकासँग साझेदारी गरी अर्जुनखोला बहुउद्देश्यीय उच्च बाँध/ अर्जुनसरोबर निर्माण गर्ने कार्यमा विशेष पहल गरिनेछ।

**६२.** नेपाल सरकार तथा बिभिन्न संस्थाहरुको सहकार्यमा लमही नगरपालिका क्षेत्रभित्रका बिद्युत, टेलिफोन, केवल टेलिभिजन, इन्टरनेट लगायतका तारहरु व्यवस्थित गर्ने नीति लिइनेछ ।

**<u>घ. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः</u>**

६३. सार्वजनिक जग्गाको अभिलेखिकरण गरी बृक्षारोपण मार्फत दिर्घकालीन वातावरण संरक्षणको नीति लिइने छ । पार्क निर्माणको लागि बिनियोजित रकमको कम्तीमा ४० प्रतिशत रकम अनिवार्य रूपमा हरीयाली प्रबर्द्धनमा खर्च गर्नै पर्ने व्यवस्था मिलाइनेछ ।

६४. "**एक वडा एक उद्यान, एक वडा एक हरित सडक** र **एक वडा एक जलाशय कार्यक्रम**" संचालन गर्न सामुदायिक वन, टोल विकास संस्था तथा विद्यालयहरू सँग सहकार्य गर्दै उद्यान, पोखरी तथा पानीका मूल संरक्षण गर्ने र कृत्रिम जलाशय निर्माण गर्ने प्रयोजनार्थ "**एक वडा एक ताल**" निर्माणगरी टोल विकासमा समुह निर्माण गरी संरक्षण गर्ने नीति लिइने छ ।

६५. वनबाट प्राप्त हुने फाइदाहरू वृद्धि गर्न दिगो वन व्यवस्थापनको नीति अनुरूप आवश्यक पर्ने योजना तथा क्षमता विकास गरि वनमा आधारित साना तथा मझौला उद्यमहरूको विकास र सुधारमा योगदान गर्दै कार्वन उत्सर्जन न्यूनिकरणमा टेवा पुर्याइनेछ।

६६. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि बिशेष नीति लिइनेछ । स्थानीय आपतकालिन कार्य संचालन केन्द्रलाई आधारभूत स्रोत साधन सम्पन्न बनाईने छ । बिपद प्रतिकार्यलाई प्राथमिकतामा राखी कार्यक्रमहरू संचालन गरिने छ ।

६७. नदी तटिय क्षेत्रमा हुने जलउत्पन्न प्रकोप न्यूनिकरण गर्न मौसम तथा बाढी पूर्वानुमानको गुणस्तरिय र विश्वसनीय सूचना प्रवाह गर्ने ब्यवस्था मिलाईने छ ।

आपतकालिन अवस्थामा नगरवासीहरूको जनधनको सुरक्षा गर्न एक पालिका एक हेलिप्याड नीति बमोजिम हेलिप्याड सहितको आश्रय घर लगायत अन्य आवश्यक पूर्वाधार निर्माण गरिने छ।

६८. विपद पीडित तथा निजको परिवारलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवालाई थप प्रभावकारी रूपमा तत्काल उपलब्ध हुने प्रबन्ध मिलाई स्थानीय सरकारको अनुभुति दिईने छ ।

६९. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापको क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गर्ने सरकारी, गैह्रसरकारी तथा निजि संघ संस्थाहरू सँग समन्वय तथा सहकार्य गरी समानान्तर सिकाइको अवधारणालाई व्यवहारमा उतारिने छ । यसका लागि अन्तर निकाय समन्वयको कार्यलाइ बलियो बनाइने छ ।

**ङ. सुशासन तथा संस्थागत क्षमता विकास क्षेत्रः**

**७०.** आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइने छ। आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गै.स.सको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

**७१.** करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

**७२.** वडा कार्यालयहरुसँग समन्वय गरी घरबहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ। विगतदेखि लिज वा वहालमा लगाइएका नगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।

७३. **"हाम्रो कर हाम्रै विकास"** भन्ने मुल नाराका साथ करको दायरा वृद्धि गरी सवै प्रकारका करदाताहरुलाई करको दायरामा ल्याई कर शुल्क, र दस्तुर संकलन गर्ने नीति लिइने छ।

७४. **"कर वर्षको अभियान"** रुपमा आगामी आ.बलाई घोषणा गरी लमही नगरपालिका भित्र सञ्चालन रहेका पसल, उद्योग/व्यवसायहरुको प्रभावकारी अनुगमन गरी कर प्रणालीको दायरा भित्र नआएका करदातालाई करको दायरामा ल्याउन घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ। करको दायरामा नआई अव्यवस्थित रुपमा सञ्चालनमा रहेका उद्योग/व्यावसायलाई प्रचलित कानुनी कारवाहीको दायरामा लिईनेछ। समय मै कर तिर्ने करदातालाई पुस्कृत गरिनेछ।

७५. करदाता शिक्षा अभियान, कर उत्प्रेरणा र करदाता मैत्री राजस्व प्रशासनको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ।

७६. नदीजन्य पदार्थलाई उत्खनन् तथा व्यवस्थापनका लागि प्रचलीत मापदण्ड, संघ, प्रदेशको कानून समेतका आधारमा निरन्तरता दिइने छ।

**७७.** यस नगरपालिका भित्र २०८१ साल असार १० गते भित्र निर्माण भएका पुराना घर संरचनाहरुको हालसम्म अभिलेखीकरण नभएकाले एकपटकका लागि अभिलेखिकरण खुल्ला गर्ने र सो भन्दा पछी निर्माण हुने घर तथा संरचनाहरुको हकमा भवन निर्माण तथा योजना मापदण्ड बमोजिम अनिर्वाय नक्सा पास गरी संरचना निर्माणको लागि खुल्ला गर्ने कानुन विपरीत घर निर्माण गर्ने व्यक्तिलाई दण्ड-जरिमाना गरिनेछ।

**७८.** आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्दै बेरुजु न्युनिकरणमा जोड दिइनेछ ।

**७९.** नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।

**८०.** उपभोक्ता हितलाई केन्द्रविन्दुमा राखी व्यापारिक कारोबारमा नैतिकता, स्वच्छता, प्रतिस्पर्धा र अनुशासन कायम गर्न नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाईनेछ।

उपभोक्ताहरुको स्वास्थ्य प्रति संवेदनशिल रहि गुणस्तरीय दैनिक उपभोग्य सामग्रीहरु बिक्रि वितरणमा जोड दिइनेछ।

८१. सार्वजनिक सेवामा आर्थिक सामाजिक रुपमा पछाडी परेका वर्ग समुदायको प्रतिनिधित्व गराउने हेतुले लमही नगरपालिका मार्फत हरेक वर्ग र समुदायको पहुँच बढाउन महिला, दलित आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, मुक्त कम्लरी, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, आर्थिक रुपमा विपन्न खस आर्य लगायत शहिद, वेपत्ता, द्वन्द पीडित परिवारलाई लक्षित गरी **निःशुल्क लोकसेवा आयोग तयारी कक्षा** कार्यक्रम जस्तो अभियान सञ्चालन गरी राज्यले लिएको आरक्षण तथा सकारात्मक विभेद सम्बन्धी नीतिको कार्यान्वयन गर्न पछाडि परेको वर्ग तथा समुदायलाई राज्यको मुलप्रवाहमा समाहित गराउदै राज्यप्रतिको अपनत्व भावना उजागर  गराउने नीतिलाई निरन्तरता दिईनेछ।

८२. आगामी आर्थिक बर्षमा १ हजार भूमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरिनेछ। सो कार्यको लागि UN Habitat को सहयोगमा आत्मनिर्भर सेवाकेन्द्र(CSRC)ले सञ्चालन गरेको **भूमि कृषि कार्यक्रम** र अन्य सरोकारवाला निकायसंग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

८३. नगरपालिकाले प्रदान गरिने सेवाहरुमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी पूर्ण डीजीटलाईजेशन, IOT (Internet Of Things) को प्रयोग व्यापक बनाइनेछ। स्थानीयस्तरमा सञ्चालन भईरहेका रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा यस क्षेत्रका पत्राकार/ सञ्चारकर्मीसंग हातेमालो गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरी राज्यको चौथो अंङ्गसंग निरन्तर समन्वय, सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८४. लमही नगरपालिकालाई Communication Hub बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

८५. रेडियो तथा टेलिभिजन मार्फत "नगरबासी संग नगरपालिका" कार्यक्रम संचालन गरिनेछ ।

८६. पत्रकार सम्मेलन गरि नगरपालिकाका सम्पूर्ण गतिविधि सार्बजनिक गर्ने प्रबन्ध मिलाइने छ ।

८७. लोककल्याणकारी बिज्ञापन प्रसारणमा स्थानीय संचारमाध्यमहरुलाई प्राथमिकता दिईनेछ ।

८८. सूचना प्रतिको अधिकार लमही नगरको सरोकार नीतिलाई आत्मसाथ गर्दै यस क्षेत्रका पर्यटन, संस्कृतिक सम्पदा, धार्मिक तथा एतिहासिक मठमन्दिर, तालतलैया, विपद व्यवस्थापन, भौतिक पूर्वाधार, लोककला तथा संस्कृतिक संरक्षण र मानवीय विकाशमा भएका प्रगति र सुधारात्मक कुराहरुलाई जनमानसमा ल्याउन रेडियो कार्यक्रम तथा  लेखनवृत्तिको प्रबन्ध मिलाइने छ ।

८९. नगरपालिका सम्बद्ध सूचना तथा तथ्यांकलाई ब्यबस्थित रुपमा संकलन गरी नगर डाटा बैंकको स्थापना गरिनेछ |

९०. अन्तरविषयक क्षेत्र ( Cross cutting issues) जस्तै :- दिगोपना, लैङ्गिक समावेशीकरण, किशोर-किशोरी तथा युवा, अपांगता भएका व्यक्ति, संस्कृतिक विवधिता, स्थानीय विषय (Local content) संग सम्बिन्धत विषयहहरुमा सूचना प्रविधीको अधिकतम प्रयोग सुनिश्चित गरिनेछ ।

९१. नगरपालिकाले प्रदान गर्ने न्यायिक सेवालाई छिटो, छरितो र प्रभावकारी वनाई मेलमिलाप तथा विवाद निरुपण कार्य गर्ने हेतुका साथ सबै वडा कार्यालयमा वडास्तरीय मेलमिलाप केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ।

९२. आधारभुत कानुनी शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९३. लमही नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधी तर्जुमा गरी लमही नगरबासी जनतालाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले अन्तर-सरकारी, गैर-सरकारी संघसंस्था वा नीजि क्षेत्र र नगरपालिका बिच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गरिनेछ।

९४. LISA, FRA, GESI Audit, LED  तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन सुचकको लक्ष्य प्राप्ति लागि अन्तर सम्बन्धित विषयमा नीतिहरुसँग समाहित गरिनेछ।

९५. राजश्व संकलन, नागरिकको सुरक्षा, बजार व्यवस्थापन तथा नगरपालिकाको नीति कार्यान्वयन गर्ने लगायत नगर प्रहरीको कार्यसम्पादनको दायर फराकीलो बनाउदै नगर प्रहरीको दरबन्दी थप गरी परिचालन गरिनेछ।

९६. नगरपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्वी र सुशासित समुदाय निर्माण गर्ने उद्धेश्यका साथ जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहितालाई जोड दिईनेछ ।

धन्यवाद।

जोगराज चौधरी

नगर प्रमुख